जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४२ अंक ४६ २०८१ साल असार २३ गते आइतवार (7 July 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** असई विकको हत्या आरोपमा ... **पृष्ठ ३ मा :** सहकारीको अनियन्त्रित वित्तीय ... **पृष्ठ ५ मा :** सत्ता समीकरणका लागि एमाले- ... **पृष्ठ ५ मा :** सन् २०२४ मा माविश्वव्य ...

## रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य असोजबाट हुने



**राजविराज**/रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको आवश्यक काम आगामी असोजदेखी प्रकृयागत रुपमा सुरु हुने भएको छ ।

प्रतिष्ठानको तेश्रो वार्षिकी शिलान्यास समारोहको अवसर पारेर शनिबार रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिद्वारा आयोजित कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष प्रा.डा. पशुपति चौधरीले सो जानकारी दिएका हुन् ।

शिलान्यास गरेको तीन वर्ष पूरा भएपनि अलपत्र छाडिएको रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अब तिब्र गतिमा अघि बढाइने भएको हो ।

कार्यक्रममा सरकारले यसअघि दिएको बजेट विभिन्न कारणले फ्रिज हुन गएको बताउँदै प्रा.डा. चौधरीले यसपल्ट आफ्नो कार्यकालमा प्रारम्भिक कामका लागि ४० करोड ५० लाख ५५ हजार बजेट प्राप्त भएको जानकारी सहित अब कुनै पनि हालतमा निर्माण कार्य नरोकिने प्रतिबद्धता जनाए । प्रतिष्ठानको निर्माण कार्य सम्पन्न गर्न करिब ३० अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको उनको भनाई छ ।

प्रतिष्ठानको तेश्रो वार्षिकी शिलान्याश समारोहका अवसर पारेर रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार विकास समितिद्वारा शनिवार नै नगरमा 'स्वास्थका लागि दौड" नारा सहित म्याराथुन, गजेन्द्र नारायण सिंह अस्पतालमा सरसफाई, विरामीहरुलाई फलफुल वितरण तथा प्रतिष्ठान निर्माणस्थलमा दिप प्रज्वलन लगायतका कार्यक्रमको आयोजना समेत गरिएको छ ।

कार्यक्रममा सहभागि सरोकारवालाहरुले प्रतिष्ठान निर्माण कार्यमा आ आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाए । राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत प्रवीण, निवर्तमान नगरप्रमुख शम्भु प्रसाद यादव, गजेन्द्र नारायण सिंह अस्पतालका पूर्व मेसु डा. मुरली प्रसाद सिंह, जसपा नेता दिनेश यादव, नेकपा माओवादी केन्द्रका

***बाँकी अन्तिम पृष्ठमा***

## मधेस प्रदेशका मुख्यमन्त्री सिंहले पाए विश्वासको मत

**राजविराज**/मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले शनिबार विश्वासको मत प्राप्त गरेका छन् ।

प्रदेशसभामा उपस्थित १ सय एक जना सदस्यहरु मध्येबाट उनले ६७ मत पाएका हुन् । विपक्षमा ३४ मत खसेको थियो ।



मुख्यमन्त्री सिंहका पक्षमा जनमत, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली कांग्रेस, लोसपा, नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभासदस्यले मतदान गरेका थिए ।

जनता समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल सङ्घीय समाजवादी पार्टीका सांसदले विपक्षमा मतदान गरेका थिए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १६ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

शिक्षा विकास इकाई
राजविराज, सप्तरी

## सम्पादकीय

### दुर्घटनाप्रति सचेत होऔं

दुर्घटना सवारीसाधनबाट मात्र नभइकन अन्य कुनै माध्यमबाट पनि हुन सक्छ । हाम्रो मनमस्तिष्कमा दुर्घटना भन्ने बित्तिकै दुईवटा सवारीसाधन ठोकिनु हो । अहिले दुर्घटनालाई न्युनिकरणका लागि प्रहरी प्रशासन लागिपरेको छ । तर जबसम्म हामी आफै सचेत रहदैनौं तबसम्म दुर्घटनाबाट बच्न सक्दैनौं ।

सप्तरी जिल्लामा दिनहुँ जसो दुर्घटना भइरहेको छ । दुर्घटनामा दुई पाङग्रे सवारी बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ । यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएपनि खासै प्रभावकारी हुन सकिरहेको छैन् । १८ देखी ३५ वर्षसम्मका नवयूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो । यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ । तर, त्यस्तो गरिएको पाइन्न् ।

तसर्थ सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ भने सरोकारवाला निकायले समेत यसप्रति सचेत गराउन उत्तिकै जरुरी छ ।

# असई विकको हत्या आरोपमा पक्राउ परेका पूर्वसभासद् यादव कारागार चलान

**महोत्तरी**/मधेस आन्दोलनका क्रममा विसं २०७२ भदौ २५ गते सशस्त्र प्रहरीका असई थमन विकको हत्या आरोपमा पक्राउ परेका पूर्वमधेश प्रदेशसभा सदस्य कौशलकुमार यादवलाई जिल्ला अदालत महोत्तरीले बुधबार पुर्पक्षका लागि कारागार चलान गरेको छ ।

न्यायाधीश फनेश्वरी घिमिरेको एकल इजलासले कर्तव्य ज्यान मुद्दामा पुर्पक्षका लागि कारागार चलान गरेको



हो । यादवलाई आगजनी मुद्दामा रु पाँच हजार जरिवानासमेत गरिएको स्रेस्तेदार नुतन झाले जानकारी दिएका छन् ।

उक्त हत्या प्रकरणमा संलग्न भएको आरोपमा पूर्वसंविधानसभा सदस्य यादव गत शनिबार असार १५ गते पक्राउ परेका थिए ।

यादव तत्कालीन मधेसी जनअधिकार फोरम नेपालबाट २०६४ सालको संविधानसभा निर्वाचनमा महोत्तरीको क्षेत्र नं ४ र २०७४ सालको निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्र नं ४ (१) बाट प्रदेशसभामा निर्वाचित भएका थिए ।

महोत्तरी जिल्ला अदालतले विसं २०८० मङ्सिर २८ गते सशस्त्र प्रहरी सहायक निरीक्षक विकको हत्या प्रकरणमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेस प्रदेशसभा संसदीय दलका नेता अभिराम शर्मासहित सात जनालाई जन्मकैदको फैसला सुनाएको थियो ।

सोही मुद्दामा महोत्तरी क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधि सभा सांसद लक्ष्मी महतो कोइरी र पवन कापरलाई सफाइ दिएको थियो ।

# ॐ शान्ति मिडिया कक्षको स्थापना

**राजविराज**/ब्रहमाकुमारी राजयोग सेवा केन्द्रले ॐ शान्ति मिडिया कक्षको स्थापना गरेको छ ।

राजविराजस्थित क्षेत्रिय कार्यालयमा विहिवार आयोजित एक कार्यक्रमबीच नेपाल पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव र केन्द्रकी मुख्य प्रभारी एवं संचालिका भगवती दिदीले संयुक्त रुपमा उक्त मिडिया कक्षको उदघाटन गरेका हुन् ।

केन्द्रले आफना गतिबिधी विस्तार गर्ने क्रममा स्थापना गरेको यो २० औं प्रभाग ( कक्ष ) हो । यस अघि शिक्षा, खेलकुद, स्वास्थ्य, धर्म, संस्कृती, कृषि, व्यवसाय, प्राविधिक, महिला, न्यायिक लगायत १९ वटा प्रभाग केन्द्रले संचालनमा ल्याई सकेको छ ।

नयाँ थपिएको मिडीया कक्ष कार्यालयमा दिनानाथ यादव संयोजक तथा फूलचन्द्र यादव र मोहित यादव सदस्य रहेका छन । उनीहरुलाई केन्द्रको गतिबिधी संकलन तथा सूचना प्रवाहको जिम्मेवारी दिइएको केन्द्रले जनाएको छ ।

उदघाटनका अवसरमा पत्रकार महासंघ सप्तरीका सभापती देवका साथै नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद सदस्य मनोज कुमार माझी, शाखाको पूर्व सभापती मुरली प्रसाद यादव, पत्रकार सुधा देव, बुजमान तामाङ्ग, ध्रुव मण्डल, राजविराज नगरपालिकाका पूर्व मेयर शैलेश चौधरी लगायतलाई सम्मान गरिएको छ । केन्द्रकी मुख्य संचालिका भगवती दिदीले उनीहरुलाई दोसल्ला तथा पुष्पगुच्छा प्रदान गरेर सम्मान गरे ।

सो अवसरमा पत्रकार महासंघ सप्तरीका सभापती श्रवण देवले केन्द्रले स्थापना गरेको ॐ शान्ति मिडीया कार्यालयबाट सर्वसाधारणले समय मै केन्द्रको सम्पुर्ण गतिबिधीबारे सूचना प्राप्त गर्ने र यसबाट कर्मयोग, ज्ञानयोग र भक्तीयोग श्रीबृद्धिमा मदत पुर्याउने विश्वास ब्यक्त गरे ।

मिडिया कार्यालय स्थापनाले आम सर्वसाधारणमा सकारात्मक सोच र धर्म प्रतिको आस्थामा विकास हुने समेत विश्वास गरिएको केन्द्रले जनाएको छ ।

# राष्ट्रिय सहकारी बैंकका अध्यक्ष उप्रेती पक्राउ

**राजविराज**/राष्ट्रिय सहकारी बैंकका अध्यक्ष समेत रहेका आइडियल यमुना हाम्रो सहकारी संस्थाका अध्यक्ष केबी उप्रेतीलाई प्रहरीले पक्राउ गरेको छ ।

बालाजुबाट बुधबार बिहान पक्राउ परेका उप्रेतीलाई बालाजु प्रहरीवृत हुँदै अहिले महाराजगञ्ज प्रहरीवृतमा राखिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी नवराज अधिकारीले जानकारी दिए ।

३० हजारभन्दा बढी बचतकर्ताको ८ अर्ब रुपैयाँ बचत रहेको आइडियल यमुना हाम्रो सहकारी संस्था अध्यक्ष उप्रेती विरुद्ध बचत रकम हिनामिना जाहेरी परेपछि प्रहरीले पक्राउ गरेको हो । उप्रेतीसँगै सहकारीका अन्य सञ्चालकमाथि पनि बचतकर्ताहरूले उजुरी हालेका छन् । पक्राउ पुर्जी जारी रहेकाले उनीहरू पनि हाल फरार रहेका छन् ।

# भारदह अस्पताल प्रादेशिक अस्पतालमा परिणत हुँदै

**राजविराज**/मधेश प्रदेश सरकारले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह अस्पताललाई प्रादेशिक अस्पतालमा परिणत गर्ने निर्णय गरेको छ ।

प्रादेशिक अस्पतालमा परिणत भएसँगै अस्पतालको नाम मधेश आन्दोलनका क्रममा भारदहमा शहीद भएका राजीव राउत र रामकृष्ण राउतको नामबाट राखिने जनाइएको छ ।

उक्त अस्पतालको नाम "शहीद राजीव रामकृष्ण प्रादेशिक अस्पताल" राखिने जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो फेसबुक पेजबाट बिहीबार जानकारी गराएका छन् ।

अस्पताल प्रादेशिक अस्पतालमा परिणत भई १५ शैयाबाट ५० शैयाको हुने निर्णय समेत मधेश प्रदेश सरकारले गरेको जनाइएको छ ।

त्यसैगरी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा एमबिबिएस अध्ययनको लागि स्रोत सुनिश्चितताको निर्णय पनि मधेश सरकारले गरेको उनको फेसबुक पेजमा उल्लेख छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



जनहितमा जारी सन्देश
दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।
बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



शिक्षा विकास इकाई
राजविराज, सप्तरी

# सहकारीको अनियन्त्रित वित्तीय जोखिम सामनाका लागि वित्तीय अनुशासन

**बल्लभ तिमल्सिना**

सम्पत्तिको स्रोतलाई इमानदारिताका साथ परिचालन गर्ने विषयसँग केन्द्रित छ, वित्तीय अनुशासन । सहकारी संस्थामा वित्तीय अनुशासन कायम गर्नु भनेको वित्तीय स्वस्थताका लागि आवश्यक सबै प्रयासको कार्यान्वयन गर्नु हो ।

सहकारी संस्थाहरू सामाजिक व्यवसाय हुन् र यिनीहरूको व्यावसायिक दायरा निश्चित भूगोल, समुदाय र क्षेत्रसम्म मात्रै हुन्छ । जसकारण यसका सदस्यको एकापसमा गहिरो बन्धन (बन्डिङ) रहन्छ । यही बन्धनले सहकारी संस्थालाई जीवित राखेको हुन्छ । संसारभरि कुनै पनि राष्ट्रको अर्थतन्त्रमा विचलन देखिँदा सबैभन्दा कम प्रभाव पर्ने क्षेत्र हो, सहकारी । यद्यपि नेपालको वर्तमान विभिन्न परिघटनाका दृष्टान्तलाई आधार बनाउने हो भने सहकारी क्षेत्रको एउटा तप्कामा वित्तीय अनुशासनहीनताले निकै फराकिलो जरा गाडेको अनुभूत हुन्छ ।

सन् २००० को दशकमा अमेरिकी अर्थतन्त्रमा देखिएको 'हाउजिङ बबल'भित्रको एउटा दृष्टान्त हाम्रो अहिलेको सहकारी क्षेत्रको अवस्थासँग मिल्दोजुल्दो देखिन्छ । अमेरिकाले सन् २००७ को मध्येदेखि २००९ को अन्त्यसम्म ठुलो आर्थिक मन्दीको सामना गर्नुपरेको थियो ।

तत्कालीन अवस्थामा त्यहाँका वित्तीय संस्थामा जब ठुलो मात्रामा पुँजीको आपूर्ति भयो, तब कर्जाका ब्याजदरहरू घट्न थाले र यसैको फलस्वरूप मानिसले आवास खरिदका लागि निकै उत्प्रेरित भए । बैंक वित्तीय संस्थाले अत्यधिक मुनाफा आर्जन गर्ने उद्देश्यले क्रेडिट स्कोर (कर्जा लगानीको विश्वसनीयता) कम भएकालाई धमाधम कर्जा प्रवाह गर्न थाले । त्यहाँका बैंक वित्तीय संस्थाले भविष्यमा घर तथा अर्पाटमेन्टहरूको मूल्यमा व्यापक वृद्धि हुँदै जानेछ भन्ने अड्कलबाजी (स्पेकुलेसन)का आधारमा ठुलो मात्रामा आवास खरिदका लागि कर्जाहरू उपलब्ध गराउँदै गए ।

क्रेडिट स्कोर कम भएका व्यक्तिमा गएको यस प्रकारका कर्जाहरू सामान्यतया बढी ब्याजदरमा लगानी हुन्थे । ब्याजदरलाई वृद्धि गरी प्रवाह भएका कर्जाहरूको साँवा-ब्याज भुक्तानी हुन सकेन र फलस्वरूप २००७ देखि २०१२ को अवधिमा ४५० भन्दा बढी बैंकहरू कोल्याप्स भए, त्यहाँको निक्षेप तथा कर्जा सुरक्षण निगमले यसै अवधिमा ७० अर्ब डलर बराबरको भुक्तानी गर्नुपरेको थियो । यस अवधिमा त्यहाँका वित्तीय कारोबार गर्ने सहकारीमा निकै ठुलो प्रभाव परे पनि बन्द नै गर्नुपर्ने अवस्था देखिएको थिएन । यसको एउटा मुख्य कारण थियो– बलियो नियमन, पुँजीकोषको पर्याप्तता र सदस्यको बन्धन ।

अलि धेरै समस्यामा परेका सहकारीलाई राज्यले बलपूर्वक एकीकरण गर्ने नीति अख्तियार गरेर पनि बचाएको थियो । अहिले हामीले भोगेको सहकारी क्षेत्रको समस्यामा एउटा प्रमुख कारण हो, घरजग्गाको भविष्यको मूल्यमा गरिएको अड्कलबाजी (स्पेकुलेसन) र सदस्यको वित्तीय अनुशासनलाई निकै कम प्राथमिकता दिई प्रवाह भएका कर्जा सापटी । यसका साथै बचत निक्षेपको परिचालनमा कायम गर्नुपर्ने न्यूनतम अनुशासनको पालनामा भएका कमजोरी एउटा प्रमुख कारण हो ।

सहकारी संस्थाका आन्तरिक विनियम तथा नीतिहरू सदस्यमुखी हुन्छन् अर्थात् प्रत्येक नीतिगत व्यवस्थाले सदस्यको संरक्षण गरेको हुन्छ । सहकारी संस्थाहरू स्वभाविक रूपमा व्यावसायिक संस्था हुन् र व्यावसायिक गतिविधि सञ्चालन गर्नका लागि पुँजी वा स्रोत आवश्यक छ । यही पुँजी वा स्रोतको आपूर्ति सहकारीका सदस्यद्वारा मात्रै हुन्छ । सदस्यले पुँजीको आपूर्ति गर्नुपूर्व संस्थालाई पहिचान गरेको, यसको नेतृत्वलाई बुझेको र उक्त संस्थाप्रति विश्वास गरेको हुन्छ । एक हिसाबले भन्ने हो भने सहकारी संस्था नियमनभन्दा विश्वासमै बढी केन्द्रित रहेको हुन्छ ।

**सिद्धान्तको आत्मसात**

आजभन्दा झन्डै एक सय ७५ वर्षअघि सिद्धान्तलाई

*बाँकी चार पृष्ठमा*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

जलश्रोत तथा सिंचाई कार्यालयको आग्रह
पानीको आवश्यक्ता अनुसार मात्रै प्रयोग गरौं ।
पोखरी, नदी, खोला, नहरको डिल नभत्काऔं ।
यस्ता जलाशयको सबै मिली संरक्षण गरौं ।
खोला र नदी आसपासका साथै आफ्ना घर वरिपरी बृक्षारोपण गर्ने गरौं ।
चुरे क्षेत्रको रुखहरु जथाभावी तरिकाले कोहि पनि नकाटौं र, काट्न नदिऔं ।
चुरे क्षेत्रको सबै मिली संरक्षण गरौं ।
बालुवा, गिट्टी, ढुँगाजस्ता नदीजन्य सामग्रीको जथाभावी उत्खनन् नगरौं ।

**अनुरोधकर्ता**
**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
**सप्तरी, राजविराज**

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**रुपनी गाउँपालिका, सप्तरी**

## *सहकारीको अनियन्त्रित ...*

आधार मानेर विश्वमा सहकारी संस्थाहरू गठन भएका थिए र आज त्यही सिद्धान्तलाई नै संसारभरकै सहकारीका लागि अन्तर्राष्ट्रिय सहकारी महासंघले व्याख्या गर्दछ । सहकारीको आम सिद्धान्तलाई आफू अनुकूल व्याख्या गर्ने नभई सिद्धान्तको दायरा र यसको क्षितिजलाई आत्मसात् गर्न सकेमा मात्रै सहकारी संस्थाहरू सुरक्षित हुन्छन् । सहकारी संस्थाको नेतृत्वले सहकारीको सिद्धान्त र दर्शनलाई आत्मसात् गर्न यस सम्बन्धमा पर्याप्त सूचना, जानकारी र ज्ञान हुनुपर्छ । वर्तमान अवस्थाले सहकारी अभियानमा सिद्धान्त र दर्शनको पुनर्जागरण गर्नुपर्ने अवस्थाको माग गरेको छ ।

सहकारी क्षेत्रलाई बचाउनका लागि सरकारले केही अर्ब पैसा उपलब्ध गराउनुपर्छ भन्ने पनि यदाकदा सुनिन्छ, तर यो दिगो र भरपर्दो माग होइन । अर्थतन्त्र नै ध्वस्त भयो भने सहकारी क्षेत्र पनि बाँकी रहँदैन र यस्तो अवस्थामा मात्रै सरकारले अर्थतन्त्र पुनर्उत्थानसम्बन्धी व्यवस्था गर्न सक्ला ।

सहकारी संस्थालाई उसको सदस्यले मात्रै जोगाउन सक्छ । सदस्यसँगको घनिष्ठता र उनीहरूलाई वित्तीय साक्षरताका विविध विषयमा पर्याप्त सूचनामार्फत सशक्तीकरण गरेर जानु नै अहिलेका लागि उत्तम विकल्प हुन्छ । सहकारीको नेतृत्व चाहे त्यो वैतनिक होस् वा स्वयंसेवी, सदस्यसँग निरन्तर र अलि घनीभूत रूपमा सम्पर्क र समन्वयमै रहनुपर्छ । विभिन्न बहानामा सदस्यसँग निरन्तर सञ्चारमै रहनुपर्छ ।

सहकारी संस्थाहरू स्वनियमनको सिद्धान्तका आधारमा सञ्चालन हुने सामुदायिक व्यावसायिक संस्थाहरू हुन् । सैद्धान्तिक रूपमा स्वनियमन भनेको आत्मनिर्णय जस्तो अधिकारको विषय पक्कै होइन ।

सहकारीले कानुन र विधिको परिधिभित्र रहेर विभिन्न वित्तीय तथा गैरवित्तीय उत्पादन र सेवा निर्माण गर्न, बजारदर अनुसारका सेवाहरूको मूल्य तोक्न, ब्याजदर तोक्नजस्ता आन्तरिक व्यावसायिक प्रक्रियामा पूर्णतः आफ्ना अधिकार प्रयोग गर्न सक्छ; न्यूनतम शुल्कमा समेत सेवा प्रवाह गर्न सक्छ । यसर्थ नियामकीय प्रावधानका बारेमा पर्याप्त जानकारी राखेर कार्यान्वयन गरेमा मात्रै कानुन परिपालनाको जोखिम कम गर्न सकिन्छ । यसका लागि कानुनी र नियामकीय प्रावधानका बारेमा व्यवस्थापन र नेतृत्व सधैं र अनिवार्य सुसूचित भइरहनुपर्छ ।

**वित्तीय जानकारी**

स्वभावतः सहकारी संस्थाहरू सदस्यप्रति जवाफदेही हुनुपर्छ । सहकारीको मुख्य सरोकारवाला यसका सदस्य नै हुन् । साथै नियामक, संस्थाका व्यवस्थापन समूह र सहकारी अभियान पनि सहकारी संस्थाको सरोकार राख्ने निकायहरू हुन् । यी सबै सरोकारवाला निकायलाई संस्थाको वित्तीय जानकारीहरू सम्बन्धमा आधिकारिक सूचना दिनुपर्छ ।

सहकारी संस्थाहरूले मासिक रूपमा विभिन्न माध्यमबाट वित्तीय जानकारीको खुलासा गरेको पाइन्छ भने कतिपयले दैनिक रूपमै संस्थाको सूचना पाटीमा सहकारीको वित्तीय स्थिति विवरणको खुलासा गर्ने गरेको पाइन्छ । व्यक्तिगत बाहेकका वित्तीय सूचनाहरू नियमित प्रकाशन र प्रसारण गर्ने अभ्यासले सहकारीप्रति आम समुदाय र यसका सदस्यको विश्वास कायम रहन्छ । सहकारी विभागद्वारा २०७९ भदौमा जारी ३५ बुँदे निर्देशन अनुसार सहकारी संस्थाले मासिक रूपमा निश्चित वित्तीय सूचनाहरू प्रकाशन गर्नुपर्छ । यी सूचना खासगरी सदस्यका लागि प्रकाशन गर्नुपर्ने निर्देशन रहेको छ ।

**सम्पत्ति दायित्व व्यवस्थापन**

वित्तीय कारोबारमा संलग्न सहकारीहरूमा हुने विभिन्न प्रकारका जोखिमहरूमध्ये वित्तीय जोखिम सबैभन्दा बढी महत्त्वका साथ व्यवस्थापन गर्नुपर्ने क्षेत्र हो । सम्पत्ति दायित्व व्यवस्थापन भनेको समय सीमाभित्रै सहकारीको दायित्व तिर्न नसक्दा संस्थामा पर्न सक्ने घाटाको जोखिम कम गर्न सम्पत्ति र नगद प्रवाहको उचित व्यवस्थापन गर्ने प्रक्रिया हो ।

सहकारीलाई आर्थिक रूपमा सक्षम राख्नका लागि दायित्व र सम्पत्तिको उचित व्यवस्थापन गर्नुपर्छ । यस्तै, पर्याप्त पुँजीमार्फत आम्दानीलाई स्थिर गरी तरलता र ब्याजदरको जोखिमको व्यवस्थापन गर्नुपर्छ । वित्तीय व्यवस्थापनको यो महत्त्वपूर्ण पाटोलाई बेवास्ता गर्दा पनि सहकारी क्षेत्रमा समस्या देखापरेको हो । वित्तीय व्यवस्थापन एउटा प्राविधिक सीप हो र यो सहकारी संस्थामा पनि लागु हुन्छ ।

दायित्व भुक्तानीमा सम्पत्ति नै प्रयोग हुन्छ, यसकारण सम्पत्तिलाई समयमै नगदमा परिणत गरेर मात्रै दायित्व भुक्तानी गर्न सकिन्छ । सहकारी संस्थाको पुँजीको स्रोत मुख्य चार प्रकारका छन्– सेयर पुँजी, विभिन्न कोषहरू, बचत निक्षेप र बाह्य ऋण । यी स्रोतमध्ये सेयर पुँजी र कोषहरू दायित्वअन्तर्गत परेनन्, यद्यपि सहकारी संस्थाको सेयर पुँजी फिर्ता गर्नुपर्ने प्रावधान रहेका कारण एक हिसाबले सेयर पुँजी पनि दायित्वसरह नै व्यवस्थापन गर्नुपर्छ ।

चार प्रकारका स्रोतमध्ये बचत निक्षेपलाई परिचालन गर्नका लागि सहकारी संस्थाले कर्जाका विभिन्न सेवाको निर्माण गरेको हुन्छ, त्यसैमा परिचालन गरिन्छ । यहाँ बुझ्नुपर्ने मुख्य विषय यो छ कि बचत निक्षेप फिर्ता जाने कुनै निश्चित दिन वा समयको अन्दाज गर्न सकिन्न, यसका लागि सामान्य ऐतिहासिक तथ्यांकका आधारमा वार्षिक कति प्रतिशत बचत निक्षेप फिर्ता होला भनेर मात्र सामान्य गणना गर्न सकिएला । यसरी बचत निक्षेप कति समयसम्म संस्थाले होल्ड गरेर राख्छ, त्यति नै समयका लागि मात्रै ऋणमा परिचालन गर्नुपर्छ । बचत र ऋणको अवधिलाई मेल गराइयो भने मात्र समयमै बचत निक्षेप फिर्ता गर्न सकिन्छ, यसो हुँदा नगद प्रवाह स्थिर रहनुका साथै सकारात्मक हुन्छ ।

अध्ययनले यो देखाउँछ, सहकारी संस्थाहरू समस्याग्रस्त हुनुको कारण उनीहरूको सम्पत्ति र दायित्वबिच अवधिको असन्तुलन नै हो । बचतको अवधि गणना गरेर ऋणमा परिचालन गर्नुपर्नेमा अन्य विभिन्न व्यवसाय, स्थिर सम्पत्तिहरू, घरजग्गाजस्ता अचल सम्पत्तिहरूमा लगानी गरिएका छन् । त्यसैले त्यसलाई तत्काले तरल सम्पत्तिमा रूपान्तरण गर्न कठिन भयो र दायित्व भुक्तानी गर्न सकिएन ।

सहकारी संस्थाले हरहमेसा बचत निक्षेपको अनुपातमा १५ प्रतिशत कम्तीमा तरलता कायम गर्नैपर्छ । योभन्दा माथिको तरलता हुँदा मात्रै ऋण लगानी गर्नुपर्छ । दायित्वका विभिन्न शीर्षकको फिर्ता जान सक्ने अवधि गणना गरेर सोही बमोजिम मात्रै सम्पत्तिमा परिचालन गर्नुपर्छ । वित्तीय कारोबार गर्ने सहकारीका लागि एउटा सानो उदाहरण यहाँ प्रस्तुत गर्नु उपयुक्त होला ।

सहकारी संस्थाको कुल सम्पत्ति कभरेज अनुपात गणना गरेर यसलाई कम्तीमा १११ प्रतिशत कायम गर्न सक्षम हुनुपर्छ । यसका लागि कुल सम्पत्ति (वासलातको अंक) मा अभौतिक सम्पत्ति, एक वर्षभित्र भुक्तानी गर्नुपर्ने दायित्वहरू (बचतबाहेक) का साथै आगामी एक महिनाभित्र अनिवार्य भुक्तानी गर्नुपर्ने दायित्वलाई घटाउने; यसरी आएको अंकलाई सहकारीको कुल बचत निक्षेप, बाह्य ऋण र सेयर पुँजीको कुल योगले भाग गर्ने; यसरी भाग गर्दा आउने अनुपात कम्तीमा १११ प्रतिशत हुन्छ भने सहकारी संस्था सम्पूर्ण सम्पत्तिलाई तरल (नगदमा रूपान्तरण) बनाएर सम्पूर्ण दायित्वहरू भुक्तानी गर्न सक्षम छ । बाँकी ११ प्रतिशतले सहकारी फेरि सञ्चालन हुन सक्छ भन्ने मान्यता राख्छ ।

त्यस्तै, तरलता कभरेज अनुपात गणना गरेर सहकारीले आगामी एक महिनाभित्रको दायित्वलाई फिर्ता गर्न सधैं सक्षम छ भन्ने सूचना प्रदान गर्छ । यसका लागि सहकारीको नगद र बैंक मौज्दातलाई आगामी एक महिनाभित्र भुक्तानी गर्नैपर्ने सम्पूर्ण दायित्वहरू (बचत निक्षेपबाहेक) को योगलाई भाग गरेर हेर्दा १०० प्रतिशत वा सोभन्दा माथि भएमा कुनै समस्या पर्दैन । यो हरेक महिना नै गणना गरेर अनुगमन गरिरहनुपर्छ र दैनिक रूपमा नगद भित्रिने र बाहिरिने विवरण (नगद प्रवाह) सकारात्मक नै रहेको यकिन गर्नुपर्छ ।

वित्तीय अनुशासनभित्र रहेको संस्थाले सदस्यको बचत निक्षेप र अरु स्रोत तथा दायित्वको उचित रूपमा सुरक्षित परिचालन गर्न सक्षम हुन्छ । वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्न गराउन सहकारी संस्थाको नेतृत्व र व्यवस्थापनको एउटै बुझाइ हुन जरुरी हुन्छ । नीतिगत व्यवस्थाहरू पनि सोही बमोजिम व्यवस्थित हुनुपर्छ ।

सहकारी एकदमै सरल र सहज व्यवसाय हो । यसलाई धेरै जटिल बनाउनु हुँदैन । सहकारी संस्थाको निश्चित दायरालाई क्रमशः वृद्धि गर्दै लानुपर्छ । एकैपटक धेरै र सम्हाल्नै नसकिने गरी दायित्व स्विकार्नु हुँदैन । सहकारीको कार्यक्षेत्र सीमित र निश्चित हुन्छ, परिचालन गर्ने क्षमता पनि अधिक हुँदैन । अबका दिनमा नियमित रूपमा सहकारी संस्थाको वित्तीय स्वास्थ्य जाँच गरी सोहीबमोजिम रणनीति कार्यान्वयन गर्नुपर्छ । आवश्यक परेमा बाह्य पक्ष र आफ्ना विषयगत संघ तथा विज्ञको सल्लाह लिन हिचकिचाउनु हुँदैन । सहकारीको आन्तरिक लेखापरीक्षण गराई सुधारका योजना कार्यान्वयन गर्दै जानुपर्छ । स्रोत परिचालन गर्ने क्षमतालाई क्रमशः वृद्धि गर्दै लानुपर्छ र अत्यधिक महत्वाकांक्षाका साथ वासलातको अंक बढाउने मात्रै रणनीति अवलम्बन गर्नु उचित हुँदैन । (लेखक सहकारी क्षेत्रसँग आबद्ध छन् ।) रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाइनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**छिन्नमस्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# सत्ता समीकरणका लागि एमाले-काँग्रेसबीच समझदारी





**राजविराज**/नेपाली कांग्रेस र नेकपा एमालेबिच नयाँ सत्ता समीकरणका लागि समझदारी भएको छ ।

उक्त समझदारीपछि नेपाली राजनीतिमा एउटा नयाँ तरङ उत्पन्न समेत भएको छ । दुबै दलबीच संविधान संशोधन र राजनीतिक स्थायित्वका लागि राष्ट्रिय सहमतिको सरकार गठन गर्ने सहमति भएसँगै राजनीतिमा नयाँ तरंग उत्पन्न भएको हो ।

सोमबार मध्यरातमा भएको दुई दलबीच भएको सहमति अनुसार आगामी संसद्को कार्यकाल अवधिमा एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले आधा-आधा समय सरकारको नेतृत्व गर्ने विषयमा समझदारी भएको जनाइएको छ ।

दुबै दलबीच ओली दुई वर्ष प्रधानमन्त्री, शेरबहादुर देउवा बाँकी अवधि प्रधानमन्त्री, प्रदेश सरकारहरुमा ३/३ वटा सरकार बाँड्ने । मधेस प्रदेशमा मधेसकेन्द्रित दलकै नेतृत्व, संविधान संशोधन गर्दै समानुपातिक सांसदलाई राष्ट्रिय सभा लैजाने, उपराष्ट्रपति सभाको अध्यक्ष, प्रतिनिधिसभा र राष्ट्रिय सभा दुवैको सिट संख्याबारे पुनर्विचार, पालिकाको संख्या ७५३ बाट घटाएर वडाको संख्या वृद्धि गर्ने, संविधान पुनरावलोकन गर्न पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको नेतृत्वमा समिति बनाउने र प्रदेश सभामा समानुपातिक तर्फको प्रावधान हटाएर प्रत्यक्ष निर्वाचितमात्रै राख्ने समझदारी भएको जनाइएको छ ।

कांग्रेस र एमालेबिच सत्ता समझदारी बनाउन एमालेका तर्फबाट खटिएका शंकर पोखरेलले मंगलबार बिहान सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको सम्झौता अनुसार एमाले र कांग्रेसको प्रारम्भिक सहमतिमा अन्य दललाई पनि एमाले अध्यक्ष केपी ओलीको नेतृत्वमा गठन हुने सरकारमा अन्य दलहरू पनि सहभागी गराएर 'राष्ट्रिय सहमतिको सरकारमा रूपान्तरण गरिने भनिएको छ ।

'राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्ने र तदनुरूपका कानुन समेत निर्माण गर्ने गरी केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउन नेकपा (एमाले) र नेपाली कांग्रेसका बिचमा समझदारी', पोखरेलले भनेका छन्, 'यस प्रक्रियामा सहमत दलहरूलाई राष्ट्रिय सरकारमा समावेश गरिने ।'

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार उथलपुथल हुने गरी बनेको नयाँ सत्ता गठबन्धनमा मधेस केन्द्रित सबै दलहरू सहभागि हुने संकेत गरेको छ ।

एक अर्काबिच तिक्ततापूर्ण राजनीति गरिरहेका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा) र सिके राउत नेतृत्वको जनमत पार्टीले नयाँ सत्ता साझेदारीमा सामेल हुने संकेत गरेको हो ।

यादवले नेपाली कांग्रेस र नेकपा (एमाले) बिच सहमति भई बनेको नयाँ गठबन्धनलाई साथ दिने घोषणा गरिसकेका छन् भने मधेश प्रदेशमा जनमत नेतृत्वको सरकारलाई निरन्तरता दिन डा.सीके राउत पनि नयाँ गठबन्धनमा जोडिने भएका छ ।

यस्तै महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले कांग्रेस-एमाले गठबन्धनलाई सघाउने भएका छन् ।

लोसपा पछिल्लो समय कांग्रेस नेतृत्वको विपक्षी गठबन्धनमा थियो । कांग्रेसले प्रचण्ड सरकार विस्थापन गरी एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनाउने समझदारी गरेसँगै यो दल स्वत: नयाँ गठबन्धनमा आबद्ध हुने देखिएको छ ।

यता कांग्रेस-एमालेबिच भएको सहमतिमा मधेस प्रदेश सरकारको नेतृत्व मधेसवादी दललाई नै भएपछि लोसपा, जसपा नेपाल, जसपा र जनमत पार्टी नयाँ गठबन्धनलाई सघाउने संकेत गरेको छ ।


# चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ । हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो । तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित वसोवास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो । चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो । चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ । चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं ।

## डिभिजन वन कार्यालय

राजविराज, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## सन् २०२४ मा माविश्वव्यापी खाद्यान्न उत्पादन उच्च स्तरमा

**इटली**/संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले सन् २०२४ मा विश्वव्यापी खाद्यान्न उत्पादनको लागि आफ्नो पूर्वानुमान अद्यावधिक गरेको छ । जसमा हाल दुई हजार आठ सय ५४ मिलियन टनमा पुर्‍याएको छ, जुन नयाँ सर्वकालिक तथ्याङ्कमा उच्च हो ।

एफएओले शुक्रबार जारी गरेको अनाज आपूर्ति तथा माग ब्रीफको अनुमानलाई अर्जेन्टिना र ब्राजिलका साथै टर्की र युक्रेनमा मकैका लागि राम्रो फसलको दृष्टिकोणलाई श्रेय दिएको छ । जसले इन्डोनेसिया, पाकिस्तान र धेरै दक्षिणी अफ्रिकी देशका लागि डाउनग्रेडलाई अफसेट गर्नेछ । गहुँ उत्पादनको पूर्वानुमान पनि एसियामा, विशेष गरी पाकिस्तानमा राम्रो सम्भावनाको आधारमा उठाइएको छ । जसले मौसमको सुरुमा प्रमुख गहुँ उत्पादन गर्ने क्षेत्रहरूमा खराब मौसमका कारण रूसी सङ्घमा अपेक्षित गिरावटलाई पछाडि पार्नेछ ।

यसैगरी विश्वव्यापी धान उत्पादन ५३५.१ मिलियन टन पुग्ने अनुमान गरिएको छ । सन् २०२४-२५ मा विश्व खाद्यान्नको कूल उपयोग बढेर २.८५६ मिलियन टन पुग्ने अनुमान गरिएको छ । जुन अघिल्लो वर्षको तुलनामा ०.५ प्रतिशतले बढेको देखिन्छ ।

विश्व अनाज स्टक २०२५ मा १.३ प्रतिशत विस्तार हुने पूर्वानुमान गरिएको छ । सन् २०२४-२५ मा विश्वव्यापी अनाज स्टक-देखि-प्रयोग अनुपात लगभग अपरिवर्तित ३०.८ प्रतिशतमा अडिग थियो ।

कूल अन्नमा अन्तर्राष्ट्रिय व्यापारको लागि एफएओको पूर्वानुमानमा चार सय ८१ मिलियन टनमा अपरिवर्तित रहेकोमा २०२३-२४ बाट ३.० प्रतिशत गिरावटको प्रतिनिधित्व गर्दछ ।एजेन्सी

## पाकिस्तानमा बजेटपछि मुद्रास्फीति बढ्यो

**पाकिस्तान**/आर्थिक वर्ष २०२४-२५ को बजेट पेस भएपछि पाकिस्तानको मुद्रास्फीतिमा उल्लेखनीय वृद्धि भएको छ । पछिल्लो साप्ताहिक मुद्रास्फीति दर १.२८ प्रतिशतले बढेको एआरवाई न्यूजले रिपोर्ट गरेको छ ।

यसैगरी पाकिस्तान ब्युरो अफ स्ट्याटिस्टिक्स (पीबीएस)को पछिल्लो साप्ताहिक रिपोर्टअनुसार वार्षिक मुद्रास्फीति दर बढेर २३.५९ प्रतिशत पुगेको छ । प्रतिवेदनले गत हप्तामा २९वटा आवश्यक वस्तुको मूल्यमा भएको वृद्धिलाई प्रकाश पार्दै पाँचवटा वस्तुले स्थिर मूल्य कायम राखेको र १७ वटा वस्तुको मूल्यमा कमी आएको जनाएको छ ।

टमाटरको मूल्य ७०.७७ प्रतिशतले बढेर २०० पाकिस्तानी रुपयाँ प्रतिकिलोग्रामभन्दा बढी पुगेको छ । पीबीएसका अनुसार पिठोको मूल्य १०.५७ प्रतिशतले, पाउडर दूध ८.९० प्रतिशतले, डिजेल ३.५८ प्रतिशतले, पेट्रोल २.८८ प्रतिशतले र एलपिजीको मूल्य १.६३ प्रतिशतले बढेको छ ।

यस अवधिमा कुखुरा, दाल र लसुनको मूल्य पनि बढेको छ भने प्याजको मूल्य ९.०५ प्रतिशत र आलुको मूल्य १.०४ प्रतिशतले घटेको छ ।

जुलाईचभस्-१ को अघिल्लो रिपोर्टले उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) मुद्रास्फीति २०२४ मा १२.६ प्रतिशत पुगेको छ । जुन अघिल्लो वर्षको जुनमा २९.४ प्रतिशत थियो । मासिक आधारमा, सीपीआई मुद्रास्फीति २०२४ मा ०.५ प्रतिशतले बढेको छ, जुन अघिल्लो महिनाको ३.२ प्रतिशत र २०२३ मा ०.३ प्रतिशतले घटेको थियो ।

पाकिस्तानी सरकारले जुन-२९ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको मापदण्ड पूरा गर्न आगामी आर्थिक वर्षमा थप राजस्व उत्पन्न गर्न धेरै क्षेत्रमा नयाँ कर उपाय घोषणा गर्दै विशिष्ट क्षेत्रमा छुट विस्तार गरेको थियो ।

पाकिस्तानका अर्थमन्त्रीले राष्ट्रियसभामा नयाँ उपायको घोषणासमेत गर्नु भएको थियो । यसमा इस्लामाबादमा सम्पत्तिमा पूँजी कर लागु गर्नु, निर्माणकर्ता र विकासकर्तामा नयाँ कर उपाय समावेश भएको पाकिस्तानको स्थानीय दैनिकले रिपोर्ट गरेको छ ।

जुन-१२ मा राष्ट्रियसभामा पेस गरिएको वित्त विधेयक २०२४ मा गरिएको संशोधनमा सरकारले डिजेल र पेट्रोलमा पेट्रोलियम विकास लेवी (पिडिएल)लाई पाकिस्तानी रुपैयाँ (पिकेआर) ८० बाट ७० पिकेआर प्रति लिटरमा झारेकोमा हालको पिकेआर ६० बाट बढाएको छ ।

विरोधका बावजुद, निर्यातकर्ताले २९ प्रतिशतको मानक कर्पोरेट कर दर र लागू भएमा सुपर कर तिर्नेछन् । पाकिस्तानी पत्रिका डनको रिपोर्टअनुसार निर्यात कारोबारमा अघिल्लो एक प्रतिशत करको तुलनामा यो महत्त्वपूर्ण परिवर्तन हो । व्यक्ति र गैर व्यक्ति प्रतिवर्ष एक करोड पिकेआरभन्दा बढी कमाउने व्यक्तिको सङ्घको आयकरमा १० प्रतिशत भारको अधीनमा हुनेछन् ।

गहिरो आर्थिक सङ्कटमा, पाकिस्तानी संसद्ले भर्खरै नयाँ अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बेलआउटबीच आगामी आर्थिक वर्षका लागि कर-भारी वित्त विधेयक पारित गरेको छ । एजेन्सी

# पुल भत्किँदा राजविराज-कञ्चनपुर सडकखण्ड अवरुद्ध

**राजविराज**/सप्तरीको तिरुहुत गाउँपालिका २ स्थित पुललाई महुली खोलामा आएको बाढीले भत्काउँदा राजविराज-कञ्चनपुर सडकखण्डमा आवागमन ठप्प भएको छ ।

तिरहुत २ का वडाध्यक्ष सञ्जिवकुमार यादवले राजविराज-कञ्चनपुर सडकखण्डमा आवागमन ठप्प भएको जानकारी दिएका छन् । उनले बाढीले कोशी पम्प चन्द्रनहर सिँचाइ योजनाको निर्माणाधीन विभिन्न संरचना तथा उपकरणमा क्षति पुऱ्याएको बताए ।

यसैगरी महुली खोलामा आएको बाढीले कञ्चनरुप नगरपालिका ११ स्थित ठेलिया नजिक पूर्वतर्फ बाँध भत्काउँदा खेतीबालीलाई क्षति पुऱ्याएको छ ।

बाढीले जिल्लाको तिरहुत गाउँपालिका, हनुमाननगर कंकालिनी नगरपालिकाका केही वडा डुबानमा परेका छन् । खाँडो खोलामा आएको बाढीले जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाका लौनिया, तिलाठी, सकरपुरा, कोइलाडीलगायत गाउँ डुबानमा परेका छन् ।

### *रामराजा स्वास्थ्य ...*

नेता सुभाश यादव, जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमण साह, निजामति कर्मचारीहरुको आधिकारी ट्रेड यूनियन सप्तरीका अध्यक्ष अजय झा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवका साथै विभिन्न राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी लगायतले प्रतिष्ठान स्थापनाले सप्तरीवासी मात्र नभई मधेश प्रदेश, कोशी प्रदेश र सीमावर्ती भारतीय क्षेत्रका वासिन्दा समेत लाभान्वित हुने भन्दै प्रतिष्ठान निर्माण कार्यमा आ आफ्ना क्षेत्रबाट हरसम्भव सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

बि.स. २०७८ जेठ २१ गतेको मन्त्रीपरिषद्को बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० बिरौलस्थित ६२ विगहा जग्गा प्रतिष्ठानका नाममा दिने निर्णय गरेपछि २०७८ असार २२ गते आजकै दिन तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए ।

तर, प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा पदाधिकारी र कर्मचारीको नियुक्ति समयमै हुन नसक्दा प्राप्त बजेट पनि फ्रिज हुनुका साथै निर्माण कार्य रोकिएको थियो । प्रतिष्ठान निर्माण स्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु पस्केही काम हालसम्म भएको छैन् ।

प्रतिष्ठान निर्माण स्थल यसरी वेवारिसे अवस्थामा रहँदा स्थानीयले गत असोज २६ गतेदेखी प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सुरु गर्न माग गर्दै सय दिनसम्म रिले अनशन नै बसेका थिए । त्यसपश्चात् सरकारले प्रतिष्ठान निर्माणमा चासो देखाउँदै प्रतिष्ठानमा रिक्त रहेको अध्यक्ष पदमा डा. चौधरी र कार्यकारी निर्देशकमा डा. नागेन्द्र प्रसाद यादवलाई डेढ महिना अघि मात्र नियुक्त गरेको थियो ।

## नेता देव पुनः एमालेमै

**राजविराज**/नेपाली कांग्रेसका नेता जितेन्द्र नारायण देव पुनः नेकपा एमालेमै फर्किएका छन् । उनी मधेसी जनअधिकार फोरम लोकतान्त्रिकबाट संविधानसभा सदस्य भएका थिए । विजयकुमार गच्छदार नेतृत्वको फोरम लोकतान्त्रिक कांग्रेसमा विलय भएपछि उनी पनि साथै गएका थिए । उनी कांग्रेसबाट राष्ट्रियसभा सदस्य समेत भए । उनको कार्यकाल २०८० फागुन २० गते सकिएको थियो ।

तत्कालिन फोरम लोकतान्त्रिकमा प्रवेश गर्नु अघि देव आफ्नो राजनीतिक जिवन भने एमालेबाटै सुरुवात गरेका थिए ।

# नहरमा डुबेर मजदुर वेपत्ता, पोखरीमा डुबेर बालकको मृत्यु

**राजविराज**/सप्तरीको महादेवा गाउँपालिकामा एक जना नहरमा डुबेर वेपत्ता भएका छन् भने हनुमाननगर कंकालिनी नगरपालिकामा एक बालकको पोखरीमा डुबेर मृत्यु भएको छ ।

महादेवा गाउँपालिका वडा नं. ३ बथनाहाका २२ वर्षिय बिजुली मजदुर प्रदिप यादव वेपत्ता भएका हुन् । नहर किनारमै रहेको विद्युतीय पोलमा काम गरिरहँदा अचानक चिप्लिएर नहरमा खसेर उनीह वेपत्ता भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेका अनुसार महादेवा गाउँपालिकास्थित कोशी पश्चिमी नहर किनारमा विद्युतीय पोलमा तार जडान गर्ने क्रममा अचानक चिप्लिएर उनी नहरमा खसेका थिए ।

नहरमा डुबेर वेपत्ता भएका उनको नेपाल र सशस्त्र प्रहरीको गोताखोर टोलीद्वारा खोजिकार्य गरिरहे पनि अहिलेसम्म फेला पार्न नसकिएको उनको भनाई छ ।

यस्तै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकामा सोमबार डुबेर वडा नं. ३ पोर्ताहाका लक्षमण रायका ५ बर्षका छोरा रोशनको मृत्यु भएको हो ।

रोशन सोमबार मध्यान्ह १२ बजेदेखि घरबाट हराइरहेका थिए । खोजी गर्ने क्रममा उनी सोमबार दिउँसो ५ बजे बग्दै गरेको चन्द्र नहरको पानीमा डुबेको अवस्थामा फेला परेको स्थानीयले बताएका छन् ।

## प्रधानमन्त्रीले असार २८ मा विश्वासको मत लिने

**काठमाडौं**/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले असार २८ गते शुक्रबार विश्वासको मत लिने भएका छन् ।

प्रतिनिधिसभामा विश्वासको मत लिने व्यवस्थाका लागि संसद् सचिवालयलाई शुक्रबार उनले पत्राचार गरेका छन् ।

प्रधानमन्त्री दाहालले सङ्घीय संसद्का महासचिवलाई एक पत्र पठाएर उक्त दिन विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने भएकाले आवश्यक व्यवस्था मिलाउन अनुरोध गरेका छन् ।


## बालबालिकाप्रति अभिभावकको भूमिका

- ➢बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- ➢बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- ➢उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- ➢बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- ➢उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- ➢बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : नवीन साप्तहिक**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*